बैठक संख्या - ४४

आज मिति २०८२/०६/२१ गते फालेखोला गाउँपालिकाका - अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्य-पालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

१. श्री राजु थापा - अध्यक्ष
२. श्री तेज बहादुर थापा - उपाध्यक्ष
३. श्री खड्क बहादुर थापा - वडा अध्यक्ष वडा नं. १
४. श्री
५. श्री कुल बहादुर वि.क. - वडा अध्यक्ष वडा नं. ३
६. श्री लक्ष्मन पुन - वडा अध्यक्ष वडा नं. ४
७. श्री श्याम नाथ कँडेल - वडा अध्यक्ष वडा नं. ५
८. श्री वृहस्पति शर्मा - वडा अध्यक्ष वडा नं. ६
९. श्री प्रेम बहादुर जि.सी. - वडा अध्यक्ष वडा नं. ७
१०. श्री प्रमानन्द कँडेल - वडा अध्यक्ष वडा नं. ८
११. श्री टिका संग्राम वि.क. - कार्यपालिका सदस्य
१२. श्री भुमा देवी पुन - कार्यपालिका सदस्य
१३. श्री सुनतली वि.क. - कार्यपालिका सदस्य
१४. श्री पूर्णमाया सुनार - कार्यपालिका सदस्य
१५. श्री गिता देवी वि.क. - कार्यपालिका सदस्य
१६. श्री देवी थापा मगर - कार्यपालिका सदस्य
१७. श्री चूर्ण बहादुर कार्की - सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति :-

१. श्री माधव शर्मा - लै. अ.
२. श्री मनोज कार्की - प्रशासकीय प्रमुख

**निर्णयहरु :-**

१. स्थानीय पूर्वाधार विभाग झोलुङ्गे पुल शाखा श्रीमहल, पुल्चोक, ललितपुरबाट विभिन्न खोलानाला तरीतराउको लागि आबश्यक पर्ने स्थानहरुमा झोलुङ्गे पुलको निर्माणको लागि प्राथमिकता अनुसारको विवरण संकलन गर्ने उद्देश्यले यस गाउँपालिका अन्तर्गत आबश्यक पर्ने झोलुङ्गे पुलहरुको विवरण माग भई आएकोले यस गाउँपालिका अन्तर्गतका सबै वडाहरुबाट झोलुङ्गे पुलहरुको विवरण माग गर्ने निर्णय गरियो ।

२. रेश आधारभूत अस्पतालको लागि संघिय सरकारबाट प्राप्त अनुदान मध्ये निर्माण कार्यमा भुक्तानी दिन नपुग गाउँपालिकाको समपूरक कोषवाट भुक्तानी भएको रकम रु ३,९३,८९५।– अक्षरुपी तीन लाख त्रियानब्बे हजार आठ सय पन्चानब्बे रुपैया आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त अस्पताल रेश स्वास्थ्य चौकी व्यबस्थापन समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

३. विहुँ सुल्डाँडा अक्षेते लेखानी सेतीचौर देउराली सडकका लागि संघिय सरकारबाट प्राप्त समपुरक अनुदान मध्ये उक्त सडकका लागि भुक्तानी दिन नपुग गाउँपालिकाको समपूरक कोषवाट भुक्तानी भएको रकम रु २३,०२,३३०।– अक्षरुपी तेईस लाख दुई हजार तीन सय तीस रुपैया आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

४. नेपाल सरकार सशर्त अनुदान तर्फ कृषि उपक्षेत्रको आ.व. २०८२/०८३ मा तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालनका लागि विनियोजन भएको रकम रु १२०००००।– अक्षरुपी बाह्र लाख रुपैया काठेखोला गाउँपालिका वडा नं. ८ लेखानीमा सञ्चालन गर्ने निर्णय गरियो ।